# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर-आइएमएफ प्रतिनिधिमण्डल भेटवार्ता

गभर्नर डा. युवराज खतिवडासँग अन्तर्राष्ट्रिय मुद्रा कोष Staff Visit–Article IV को प्रतिनिधिमण्डलले माघ २१ गते भेट गर्‍यो । प्रतिनिधिमण्डल प्रमुख Todd Schneider को नेतृत्व तथा नेपालका लागि कोष प्रतिनिधि Thomas Richardson सम्मिलित सो प्रतिनिधिमण्डल र गभर्नर खतिवडाबीच नेपालको समष्टिगत आर्थिक अवस्थाका बारेमा समीक्षा हुनुका साथै अद्यावधिक जानकारी आदान प्रदान गरिएको थियो । भेटमा कोषले नेपाललाई उपलब्ध गराउने प्राविधिक सहयोग तथा आगामी कार्यक्रम सम्बन्धी विषयमा पनि छलफल भएको थियो ।

भेटमा गभर्नर खतिवडाले नेपालको पछिल्लो आर्थिक स्थितिका बारेमा प्रतिनिधिमण्डललाई जानकारी गराउनुभएको थियो । खास गरी तत्कालीन अवस्थामा पूर्ण बजेट आउने, निर्वाचनको तिथि र अन्य प्रक्रिया सुनिश्चित भइ सक्ने, कृषि क्षेत्रको वृद्धि उत्साहजनक रहने मान्यताका आधारमा यस वर्षको आर्थिक वृद्धि लक्षित गरिएकोमा सोचिए अनुसार नहुने सङ्केत देखिएकाले यस वर्षको आर्थिक वृद्धिदरमा असर पर्न सक्ने सन्दर्भ प्रस्तुत गर्नुभएको थियो ।

साथै, वित्तीय क्षेत्र स्थायित्वका लागि अवलम्बन गरिएका व्यवस्थाको प्रभावकारिताको परिणाम स्वरूप नेपालको वित्तीय क्षेत्रमा स्थिरता कायम राख्न सकिएको, वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वास बढ्दै गएको भए पनि मौद्रिक अधिकारीले मात्र अर्थतन्त्रको समग्र क्षेत्रलाई प्रतिनिधित्व गरी आर्थिक गतिविधि अघि बढाउन कठिन हुने भएकाले सम्बन्धित सबै पक्षको एकीकृत प्रयासको खाँचो उहाँले औँल्याउनुभयो । यसका लागि राजनैतिक स्थिरता र पूर्वाधार विकास लगायतका पक्षहरू पूर्व सर्तका रूपमा रहने धारणा राख्नुभएको थियो ।

सो छलफलमा उहाँले कोषद्वारा प्रदान गरिने Technical Assistance on Problem Bank Resolution Implementation Framework का विषयमा पनि थप स्पष्ट पार्नुभएको थियो । सो अवसरमा डेपुटी गभर्नरद्वय गोपालप्रसाद काफ्ले तथा महा प्रसाद अधिकारीको पनि उपस्थिति रहेको थियो ।

२०६९ माघ २१ गते आइतवार

गभर्नरको कार्यालय